**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २८ गते सोमबार ❑ 11 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## कानुन बनाउँदा जनताको हित र भावनालाई केन्द्रमा राखौं: सभापति लामिछाने

**रासस**
काठमाडौं, २७ बैशाख




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले विधि र कानुन बनाउँदा जनताको हित र भावनालाई केन्द्रमा राख्नुपर्नेमा जोड दिनुभएको छ।

पार्टीको प्रशिक्षण विभागले सांसदहरूका लागि आयोजना गरेको प्रशिक्षणको समापन समारोहमा आइतबार उहाँले सामाजिक प्रतिष्ठालाई सफलताको मानक बनाउनेभन्दा कानुन बनाउने जिम्मेवारी लाग्न निर्देशनसमेत दिनुभयो। सभापति लामिछानेले देशमा रहेका समस्या समाधानका लागि अध्यादेश ल्याइएको र पार्टी नेतृत्वको सरकार जनताको हितभन्दा बाहिर नजाने प्रष्ट पार्नुभयो। "सरकारले सोचेर कदम चालिरहेको छ, आजसम्म सरकारले गरेका निर्णयबाट दुःख मनाउन गर्नुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो,"कतिपय कानुन निर्माणलाई 'फास्ट ट्र्याक'मा लिएर जान अध्यादेश ल्याइएको हो । नीतिगत कमजोरी सुधार र विकासका काममा गति दिन अध्यादेश ल्याइएकाले देश र नागरिकलाई अप्ठ्यारो पर्ने कुनै निर्णय गरेका छैनौं। हामी जनताको माया र देशको भविष्यप्रति चिन्तित छौं ।" सभापति लामिछानेले नेपाली जनताले परिवर्तनका लागि रास्वपालाई जनमत दिएको भन्दै चुनाव जित्दैमा सर्वगुण सम्पन्न छौं भनेर नसोच्न सांसदहरूलाई आग्रह गर्नुभयो । उहाँले विगतमा अन्य राजनीतिक दलले अनवरत सङ्घर्ष गरेर परिवर्तन ल्याएको उल्लेख गर्दै अब जनताको अवस्था बदल्ने जिम्मेवारी आफूहरूको काँधमा आएकाले सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो । "विगतमा दलहरूले अनवरत सङ्घर्ष गरेर एकतन्त्रीय शासन ढालेका हुन्, जीवन जोखिममा राखेर परिवर्तनको यात्रामा होमिएका पार्टीहरूसँग केही असहमति भए पनि हामीले उहाँहरू जस्तो धेरै सङ्घर्ष गर्नुपरेको छैन", उहाँले भन्नुभयो,"हिजो व्यवस्था बदलियो तर अवस्था नबदलिएकाले जनताले हामीलाई पत्याएका हुन्। विभिन्न राजनीतिक दलमा आस्थावानहरूले आफ्नो दल छोडेर हामीलाई मत दिएका छन्, त्यसैले कसैको मानमर्दन गर्नुहुँदैन ।" सभापति लामिछानेले आमनागरिक, समाज र देशले हामीलाई हेरिरहेको भन्दै देश बनाउने काममा रचनात्मक भूमिका खेल्न सांसदहरूलाई निर्देशन दिनुभयो। "हामी जीवनी लेख्ने यात्रामा हैन, इतिहास लेख्न हिंडेका हौं। त्यसैले पार्टीमा योगदानको मूल्य माग्ने बेला भएको छैन । अब सबै मिलेर अवस्था बदल्ने क्रान्तिमा लागौं", उहाँले भन्नुभयो। सभापति लामिछानेले सबै सुकुमवासी र भूमिहीनलाई सरकारले अधिकार दिने बताउनुभयो । "हामीले चुनावमा गरेका वाचाअनुसार काम गर्छौं । सुकुमवासी समस्यालाई उच्चस्तरीय आयोग बनाएर स्थायी समाधान गर्छौं।संविधानको मर्मअनुसार सबैका अधिकार सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं", उहाँले भन्नुभयो। सभापति लामिछानेले संवैधानिक व्यवस्थाअनुसारप्रधानन्यायाधीशको सिफारिस भएको बताउनुभयो । उहाँले सरकार बजेट बनाउन व्यस्त रहेको र त्यसलाई उत्कृष्ट बनाउने गरी अर्थमन्त्रीसँग छलफल भएको जानकारी दिनुभयो। उहाँले सिङ्गै देश हाम्रो निर्वाचन क्षेत्र हो भन्ने ठानेर राज्यको सामर्थ्य बढाउने गरी काम गरिने धारणा राख्नुभयो। सभापति लामिछानेले सरकारले आमजनमानसमा सकारात्मक सन्देश दिने गरी काम गरिरहेको र सरकारकोभूमिकालाईथपप्रभावकारी बनाउने गरी खबरदारी सधैं अपेक्षित रहेको बताउनुभयो।

## जोमसोम अस्पतालमा शल्यक्रियाद्वारा प्रसूति

**रासस**
मुस्ताङ, २७ बैशाख

घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित प्रदेश अस्पतालमा एक महिलाको शल्यक्रियाद्वारा सफल प्रसूति गराइएको छ । अस्पतालले शुक्रबार २९ वर्षीय महिलाको शल्यक्रिया (सिजेरियम सेक्सन) द्वारा प्रसूति गराएको हो।

पहिलोपटक गर्भवतीको गर्भावस्थाको ४२ हप्ता ६ दिन पुग्दासमेत प्रश्रव व्यथा सुरु नभएको, गर्भको शिशु कम चलेको र प्रसूति समस्या जटिल बन्दै गएको गुनासोसहित अस्पताल पुगेकी ती महिलाको शल्यक्रियाद्वारा प्रसूति गराइएको हो । अस्पतालका मेडिकल सुपरिटेन्डन्ट डा समीक्षा कँडेलका अनुसार आमा र शिशुको स्वास्थ्य परीक्षण गर्दा पाठेघरमा पानीको मात्रा निकै कम भएको र शिशुको अवस्था जोखिमपूर्ण रहेको थियो।

गर्भवतीको अवस्थाबारे आफन्तजनलाई उचित परामर्श दिएर आकस्मिक शल्यक्रिया (सिजेरियन सेक्सन) द्वारा सफल प्रसूति गरिएको डा कँडेलको भनाइ छ । शल्यक्रियाद्वारा महिलाले दुई किलो ५ सय ग्राम तौलको शिशु जन्मिएको हो।

प्रदेश अस्पतालमा पछिल्लो चार आर्थिक वर्षमा सयभन्दा बढी महिलाले प्रसूति सेवा प्राप्त गरिसकेका छन् । सेवा लिन आएका मध्ये १६ गर्भवतीको शल्यक्रियाद्वारा सफल प्रसूति गराइसकिएको डा कँडेलले बताउनुभयो।

पछिल्लो समय अस्पतालमा शल्यक्रिया प्रसूति सेवा भरपर्दो र विश्वसनीय बन्दै जाँदा यहाँका विपन्न र आर्थिक आयस्रोत कम भएका महिलालाई सहज भएको छ । यसअघि यहाँ शल्यक्रिया सेवा नहुँदा प्रसूति सेवा लिन धेरै पैसा खर्च गरी सुगमको अस्पतालमा धाउनुपर्ने बाध्यता थियो।

## डेटा ड्रिभन पत्रकारिता तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख




प्रेस रजिष्ट्रारको कार्यालय गण्डकीले आयोजना गरेको तथ्याङ्क पत्रकारिता (डेटा ड्रिभन) को अन्तिम चरणको तालिम आइतबारदेखि सुरु भएको छ।

पहिलो हप्ता भौतिक तालिम त्यसपछिको छ हप्ता अनलाइन र अन्तिम हप्ता पनि भौतिक गरी कुल ८ हप्तासम्म तालिम सञ्चालन हुनेछ। जसमध्ये अन्तिम चरणको भौतिक तालिम आइतबारदेखि सुरु भएको हो । तालिमको उद्घाटन सत्रमा बोल्दै प्रेस रजिष्ट्रार बिमला भण्डारीले पत्रकारकै आवश्यकताको आधारमा तालिम राखिएको बताइन । पत्रकारको दक्षता वृद्धिका लागि अनेकन अड्चन झेलेरै भएतापनि यो प्रकृतिको तालिम आयोजना गरिएको उनको भनाई छ । उनले तालिमपश्चात पत्रकारले अरूलाई पनि सिकाउन सक्नेगरि दक्ष बन्नेमा विश्वास गरिन । "अरूलाई पनि सिकाउन सक्ने क्षमता बनाउनु होला । प्राविधिक तालिमको लागि उमेरले छेक्दैन। समय परिपालन गर्नुहोला।" उनले भनिन। तालिममा सहभागी युवराज श्रेष्ठले रजिष्ट्रारको कार्यालयले आवश्यकता अनुसार उत्कृष्ट तालिम आयोजना गरेको भन्दै आगामी दिनमा पनि यस्तै प्रकृतिका तालिम सञ्चालन गर्न आग्रह गरे । तालिमका स्रोतव्यक्ति चेतना कुँवरले सबै सहभागीमा सिक्ने इच्छा उत्कृष्ट रहेको बताइन। अर्का स्रोत व्यक्ति उमेश श्रेष्ठले दोश्रो चरणको भौतिक कोर्षबाट तालिममा सहभागी अझै दक्ष बन्ने विश्वास गरे।

## यातायात व्यवसायी अव प्रविधिमैत्री हुनैपर्छ, समस्या समाधान गर्न सरकार तयार छ: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यातायात व्यवसाय अब प्रविधिमैत्री बन्नुको विकल्प नरहेको बताउनु भएको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं राष्ट्रिय महाधिवेशनको आइतबार उद्धाटन गर्दै उहाँले यातायात क्षेत्रका समस्या समाधानका लागि प्रदेश सरकार व्यवसायीहरुसँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताउनु भएको हो। पर्यटन राजधानी पोखरामा आइतबार देखि सुरु भएको महाधिवेशनलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले देशको अर्थतन्त्र, पर्यटन, रोजगारी र नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको यातायात क्षेत्रलाई समयअनुसार आधुनिकीकरण गर्न आवश्यक रहेको बताउनु भयो । गत वर्ष गण्डकी प्रदेश सरकारले राइड शेयरिङ एपलाई कानुनी मान्यता दिँदा आलोचना भए पनि अहिले त्यसको विकल्प नरहेको उहाँले उल्लेख गर्नु भयो। "प्रविधिमा नजाने विकल्प अब छैन," उहाँले भन्नुभयो, "राज्यको कर प्रणालीभन्दा बाहिर सञ्चालन भइरहेको राइड शेयरिङलाई कानुनी दायरामा ल्याएर नियमन गर्ने उद्देश्यले प्रदेश सरकारले काम गरेको हो ।" मुख्यमन्त्री पाण्डेले विश्व प्रविधिमैत्री यातायात प्रणालीतर्फ अघि बढिरहेको उदाहरण दिँदै चीनमा चालकविहीन स्वचालित बस सञ्चालन भइरहेको सन्दर्भ प्रस्तुत गर्दै समयअनुसार नेपालले पनि प्रविधिलाई आत्मसात गर्नुपर्नेमा जोड दिनुभयो।

यातायात क्षेत्र १३ खर्ब रुपैयाँभन्दा बढी लगानी भएको वेदनशील र देशको आर्थिक मेरुदण्डका रूपमा रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले सडक दुर्घटना न्यूनीकरणका लागि सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताउनु भयो। "जति राम्रो सडक बनाए पनि हाम्रो भौगोलिक अवस्थाका कारण दुर्घटनाको जोखिम रहन्छ, त्यसलाई कम गर्न राज्य, व्यवसायी र नागरिक सबै सचेत हुनुपर्छ," उहाँले भन्नुभयो।

मुख्यमन्त्री पाण्डेले यातायात क्षेत्रका समस्या पहिचान गरेर समाधानका लागि प्रदेश सरकार आवश्यक समन्वय र सहजीकरण गर्न प्रतिबद्ध रहेको पनि बताए । "व्यवसायीलाई जहाँ समस्या छ, त्यहाँ सरकार सँगै बसेर समाधान खोज्न तयार छ," उनले स्पष्ट पारे । कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री गोविन्द बहादुर नेपालीले यातायात व्यवसायलाई व्यवस्थित बनाउन प्रदेश सरकार सकारात्मक रहेको बताउनु भयो। त्यसैगरी बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री पदम थापाले यात्रुमैत्री सेवा प्रवाहका लागि व्यवसायीहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सडक सुरक्षाबारे प्रशिक्षणात्मक मन्तव्य दिँदै मादक पदार्थ सेवन (मापसे), लागू पदार्थ सेवन (लापसे) तथा ट्राफिक नियम उल्लंघन गरेर सवारी नचलाउन आग्रह गर्नुभयो । प्रविधि युक्त सिसि क्यामरा जडान गर्नुपर्ने अबस्था आएको उहाँको भनाई थियो। महासंघका अध्यक्ष विजय स्वारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न मजदुर संगठन, यातायात व्यवसायी तथा सरोकारवाला निकायका


बाँकी अन्तिम पृष्ठमा ▶▶



**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

सामाजिक सञ्जालमा:
◆ जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
◆ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
◆ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
◆ जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
◆ शान्ति सुरक्षामा खलल पुग्ने,
◆ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
◆ जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा मौरीपालन उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

पोखरा महानगरपालिका, आर्थिक विकास महाशाखा अन्तर्गत कृषि विकास शाखाको आयोजनामा तथा युनिडो जिम्याप नेपाल परियोजनाको सहकार्यमा सञ्चालन गरिएको मौरीपालन उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ ।



तालिम २०८३ साल वैशाख १३ गतेदेखि १७ गतेसम्म तथा वैशाख २५ र २६ गते गरी सात दिन सञ्चालन गरिएको थियो । पोखरा महानगरपालिकाका विभिन्न वडाबाट छनोट भएका २३ जना सहभागी तालिममा सहभागी भएका थिए । सहभागीहरू कम्तीमा १५ घारदेखि १५० घारसम्म मौरीपालन गर्दै आएका व्यवसायीक कृषक तथा उद्यमीहरू रहेको महानगरपालिकाले जनाएको छ । तालिममा मौरीपालनको आधुनिक प्रविधि, घार व्यवस्थापन, उद्यमशीलता विकास, व्यवसाय योजना, बजारीकरण तथा मूल्य शृृ ला, प्रशिक्षण विधि, सञ्चार तथा प्रस्तुतीकरण सीपलगायत विषयमा सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो। सहभागीहरूलाई फरक-फरक विषयमा प्रस्तुतीकरण अभ्याससमेत गराइएको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै तालिमबाट प्राप्त ज्ञान, सीप र प्रविधिको सही प्रयोग गरी उत्पादकत्व वृद्धि तथा आत्मनिर्भर बन्न आग्रह गर्नुभयो । उहाँले उत्पादक किसानलाई महानगरपालिकाले विशेष प्राथमिकता दिँदै आएको उल्लेख गर्दै तालिमको प्रभावकारी सदुपयोग गर्न अनुरोध गर्नुभयो। कार्यक्रममा जिम्याप परियोजनाका बजार तथा मूल्य शृृ ला विशेषज्ञ सुरेश बरालले व्यवसाय योजना, उद्यमशीलता विकास, गुणस्तर सुधार तथा प्रशिक्षण विधिसम्बन्धी प्राविधिक सहजीकरण गर्नुभएको थियो । आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले पछिल्लो समयमा पोखरामा मौरीपालनतर्फ आकर्षण र महको माग दुवै बढ्दै गएको बताउनुभयो । उहाँका अनुसार महानगरपालिकाले मौरी तथा मह मेला आयोजना, "एक वडा एक पकेट" कार्यक्रम सञ्चालन तथा वडा कृषि सञ्जालमार्फत मौरीपालन प्रवर्द्धन गर्दै आएको छ । मौरीपालनले विषादी न्यूनीकरण अभियानमा सहयोग पुऱ्याउने, जैविक विविधता संरक्षण गर्ने, आर्थिक उपार्जन तथा रोजगारी सिर्जना गर्ने भएकाले उद्यमी कृषकको क्षमता अभिवृद्धि र स्रोत व्यक्तिका रूपमा विकास गर्न तालिम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो ।

तालिमका सहभागी जीवनाथ लामिछानेले तालिम व्यवसायीक कृषकका लागि अत्यन्त आवश्यक र उपयोगी रहेको बताउनुभयो । उहाँले व्यवसाय योजना निर्माण, प्रशिक्षणको तयारी तथा प्रभावकारी प्रस्तुतीकरण सम्बन्धी महत्वपूर्ण ज्ञान हासिल भएको उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञान तथा सीप आफूमा मात्र सीमित नराखी अन्य कृषक तथा समुदायमा समेत प्रवाह, प्रसार र अभ्यास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# रतनपाण्डे माविमा शिक्षासँगै चेतनाको विकासमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

विद्यालय भनेको केवल पढेर पास हुने थलो मात्र होइन, बरु पढाइसँगै चेतनाको विकास गर्दै सामाजिक रूपमा सक्षम नागरिक बनाउने केन्द्र हो । यही धारणा रतन पण्डे माध्यमिक विद्यालयको ६९औँ वार्षिकोत्सव, अभिभावक भेला तथा पुरस्कार वितरण समारोहका वक्ताहरूले हालै व्यक्त गरेका छन् ।



कार्यक्रममा वक्ताहरूले शिक्षालाई केवल परीक्षामुखी नभई जीवनोपयोगी बनाउनुपर्नेमा जोड दिँदै विद्यार्थीमा नैतिकता, जिम्मेवारी र सामाजिक चेतनाको विकास अपरिहार्य रहेको बताए । उनीहरूले विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यबाट मात्र गुणस्तरीय शिक्षा सम्भव हुने उल्लेख गर्दै बालबालिकाको समग्र विकासका लागि व्यवहारिक ज्ञान र सकारात्मक सोच अनिवार्य रहेको धारणा राखेका थिए ।

युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशका उपसचिव घनश्याम पौडेलले विद्यालय केवल किताब पढ्ने ठाउँ मात्र नभई जीवन बुझ्ने, सोच्ने र आफ्नो भविष्य निर्माण गर्ने आधारभूमि भएको बताए। उनले पढाइसँगै अनुशासन, सकारात्मक सोच र सामाजिक जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गरे । वि.सं. २०१४ सालमा स्थापना भएको विद्यालयले सुरुदेखि नै शैक्षिक तथा सामाजिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको चर्चा गर्दै आगामी दिनमा अझ प्रभावकारी र गुणस्तरीय शिक्षा प्रदान गर्न सबै मिलेर अघि बढ्नुपर्ने शिक्षाविद् किशोरदत्त वरालले बताए । विद्यालयकी प्रधानाध्यापक सङ्गीता पोखरेलले विद्यालयका गतिविधिबारे जानकारी दिइन् ।

सोही कार्यक्रममा कृतिराज वरालको स्मृतिमा उहाँकी श्रीमती पार्वती वराल तथा छोराहरू शंकर वराल, भवसागर वराल र बुद्धिराज वरालले नगद एक लाख रुपैयाँ प्रदान गर्दै अक्षयकोष स्थापना गरेका छन् । कृतिराज वराल यस विद्यालयका पूर्व प्रधानाध्यापक समेत थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद वरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षक-अभिभावक संघका अध्यक्ष दामोदर पराजुली, पोखरा विश्वविद्यालयका उपप्राध्यापक रवि वराल, वडा नं. १३ का शिक्षा समितिका संयोजक राजेन्द्र भण्डारी, बोधराज स्मृति अक्षयकोषका दाता डा. दीपक वराल, लेखा कर्मचारी सरस्वती देवकोटा अधिकारी, कृतिराज अक्षयकोषका दाताको तर्फवाट बुद्धिराजवराल,अम्बरज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक विमलबहादुर वराल, भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष सुरेन्द्र वराल तथा विद्यार्थी प्रतिनिधि रुकुमाया भुजेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा विद्यार्थी, शिक्षक, कर्मचारी, भूतपूर्व शिक्षक तथा अभिभावकलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूले उत्कृष्ट नृत्य प्रस्तुत गरेका थिए । विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद दाहाल र शिक्षिका बबिता सुवेदीले साहित्यिक लयमा कार्यक्रम सञ्चालन गरेका थिए ।

# पत्रकारितामा मल्टिमिडिया र एआई प्रयोगबारे तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा आईतबारदेखि पत्रकारितामा मल्टिमिडिया तथा एआई सम्बन्धी तालिम सुरु भएको छ ।




वैशाख २९ गतेसम्म सञ्चालन हुने तालिमको पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले गरेका हुन् । उद्घाटनपछि उनले पत्रकारितालाई समाज रूपान्तरणको मुख्य आधारका रूपमा चित्रण गरे । उनले कलमको शक्तिले समाजलाई सही दिशा दिने र सरकारका कमजोरीहरूलाई औंल्याएर सुधारको बाटो देखाउने बताए। उनले भने, 'कलमले जहिले पनि समाजलाई रूपान्तरण गर्ने काम गर्छ । पत्रकारिताले सरकार, समाज र विभिन्न संघसंस्थाका कमजोरी र राम्रा पक्षलाई केलाएर समाजलाई सही मार्गमा डोऱ्याउने काम गर्छ ।' पत्रकारिता क्षेत्र निकै नै महत्वपूर्ण रहेको र यसले सरकारलाई सधैँ झकझकाउने र समाजलाई व्यवस्थित बनाउने भूमिका खेल्ने उनको भनाइ थियो । वर्तमान समयमा प्रविधिको विकास र एआई (आर्टिफिसियल इन्टेलिजेन्स) को युग सुरु भइसकेको सन्दर्भमा पत्रकारितालाई अझ सशक्त बनाउनुपर्नेमा उनको जोड थियो । यो तालिमले पत्रकारहरूलाई नयाँ प्रविधि, मल्टिमिडियाको प्रयोग र बदलिँदो समयको लय समात्न ठूलो सहयोग पुऱ्याउने उनको विश्वास थियो । तालिमको सैद्धान्तिक र व्यावहारिक पक्षबारे चर्चा गर्दै उनले भने, 'कुनै पनि तालिमले ज्ञान, दृष्टिकोण र सीप गरी तीनवटा कुरा प्रदान गर्छ । यो तालिमले पत्रकारिताको ज्ञानका साथै यस क्षेत्रमा हुनुपर्ने सही दृष्टिकोण र समाचारलाई प्रभावकारी बनाउने सीप विकास गर्नेछ ।' उनले कहिलेकाहीँ केही सञ्चार माध्यमका कारण समग्र पत्रकारिता क्षेत्रकै बदनाम हुने गरेको प्रति सचेत गराउँदै तालिमले पत्रकारहरुको कार्यशैली र सोचमा सकारात्मक परिवर्तन ल्याउने आशा व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेलले पछिल्लो समय पत्रकारिता क्षेत्रमा प्रविधिको ठूलो प्रभाव परेको र 'मोबाइल जर्नालिज्म' को महत्व बढ्दै गएको बताए । पहिले हुलाकबाट पठाउनुपर्ने बाध्यता रहेकोमा अहिले प्रविधिको विकासले पत्रकारितालाई सहज र छिटो बनाएको उनले उल्लेख गरे। पत्रकारितालाई थप व्यवस्थित बनाउन महासंघले 'समय आन्दोलन' को अभियान समेत सुरु गरेको उनले बताए। तालिममा सहभागीहरुले प्रशिक्षकबाट धेरै प्रयोगात्मक ज्ञान हासिल गर्ने विश्वास समेत उनले व्यक्त गरे । तालिममा डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोग तथा एआई प्रविधिको प्रयोगसम्बन्धी विषयमा प्रशिक्षण दिइने नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले जानकारी दिए ।

महासंघ कास्कीका सचिव भूपाल गुरुङले सञ्चालन गरेको उद्घाटन समारोहमा उपाध्यक्ष माधव रेग्मीले स्वागत गरेका थिए । पोखरा महानगरपालिकाको सहयोगमा भएको तालिमको प्राविधिक सहयोगीमा नेपाल खोजमूलक मल्टिमिडिया पत्रकारिता सञ्जाल (निमजिन) रहेको छ । तालिममा विभिन्न सञ्चारमाध्यममा कार्यरत ७५ जना पत्रकारहरु सहभागी छन् ।

# बेगनास सिँचाइ प्रणालीअन्तर्गतका शाखा नहर मर्मत गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

बेगनास सिँचाइ प्रणालीअन्तर्गत रहेका पाँच वटा शाखाका नहर मर्मतसम्भार गरिने भएको छ ।

बेगनास सिँचाइ प्रणालीअन्तर्गतका नहरका ठाउँठाउँमा बिग्रिने/भत्किने समस्या देखिएपछि सङ्घीय बजेटबाट करिब रु ६० लाखको लागतमा मर्मत गर्न लागिएको हो । बेगनास सिँचाइ प्रणाली मूल उपभोक्ता समितिका अध्यक्ष राजु खत्रीले यस सिँचाइ प्रणालीअन्तर्गत यहाँका करिब एक हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगिरहेको जानकारी दिनुभयो ।

नहरको मर्मतसम्भारका लागि प्रत्येक वर्ष बजेट विनियोजन हुने गरेको उल्लेख गर्दै उहाँले अघिल्लो वर्ष बजेट प्राप्त नभएको बताउनुभयो।पाँचवटैशाखाअन्तर्गतका नहरबाट ढुङ्गेपाटन, खुदी, तल्लो गगनगौँडा, छुची, सातमुहाने, मालमूल, किमबैंसीलगायत स्थानमा सिँचाइ भइरहेको छ । यो प्रणाली सञ्चालनमा आएपछि यस क्षेत्रमा वर्षातसँगै हिउँदको समयमा खेती गर्न सकिने गरी सिँचाइ पुगेको बेगनास सिँचाइ प्रणाली शाखाका-२ का अध्यक्ष शिबबहादुर थापाले बताउनुभयो । सहज सिँचाइ सुविधा पुगेकाले किसानलाई सहज हुनुका साथै उत्पादनमा महत्वपूर्ण टेवा पुगिरहेको उहाँको भनाइ छ ।

## यातायात...

प्रतिनिधिहरूले सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन सुझाव दिनुभयो । कार्यक्रममा हिमाली सांस्कृतिक परिवारका कलाकारहरूले सांस्कृतिक प्रस्तुति राखेका थिए भने यातायात क्षेत्रसँग सम्बन्धित चार जना प्रतिनिधिसभा सदस्यलाई सम्मान समेत गरिएको महासंघ गण्डकीका संयोजक केदार प्रसाद पौडेलले जानकारी दिनुभयो । देशभरबाट करिब २ हजार जना यातायात व्यवसयाी पोखरामा भेला भएको महासंघका बरिष्ठ उपाध्यक्ष एन कुमार शाहीले बताउनु भयो । पोखरा इभेण्ट सेन्टरमा ३ दिन चल्ने महाधिवेसनले आगमी ३ बर्षीय कार्यकालको लागि नयाँ नेतृत्व समेत चयन गर्ने भएको सचिव भानुभक्त बरालले बताउनु भयो । ७७ जिल्लाका व्यवसायी पोखरामा भेला हुदा यसले पर्यटन पूबर्द्धनमा समेत टेवा पुगेको केन्द्रिय सदस्य केशवप्रसाद अधिकारीले बताउनु भयो ।

# सदाशिव जेष्ठ नागरिक दिवा सेवा खोरमा प्रजापति

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

पोखरा महानगरपालिका वडा नं. २० खोरमा रहेको सदाशिव जेष्ठनागरि दिवा सेवा केन्द्रको प्रथम अधिवेशनले प्रजापति पैडेलको अध्यक्षतामा ११ सदस्य नयाँ कार्य समिति सर्वसम्वत गठन गरेको छ ।




तीन बर्षे कार्यकाल रहेको केन्द्रको उपाध्यक्षमा कमला सुवेदी, सचिवमा तुलसी तिमिल्सिना, कोषाध्यक्षमा गम वहादुर जिसी, सहसचिवमा रन वहादुर घर्ती र सदस्यहरुमा कुलप्रसाद भण्डारी, एक हादुर घर्ती, लक्ष्मी सुवेदी, मधुमाया थापा, शिवराज सुवेदी र लेख बहादुर थापा रहनु भएको छ । पोखरा महानगरपालि वडा नं. २० का वडाअध्यक्ष गंगा वहादुर के.सीले अधिवेशनको उद्घाटन गर्दै समाजका जेष्ठनागरिकको हक अधिकार सुनिश्चित गर्न सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। वडामा सञ्चालित तीन वटा जेष्ठनागरिक दिवा सेवा केन्द्रमा स्वास्थ्य परिक्षण, खाजा र पिउने पानीको व्यवस्था गर्ने तयारी भई रहेको उहाँको भनाई थियो। गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालयका अतिरिक्त सचिव दामोदर सुवेदीले प्रदेश सरकारले जेष्ठनागरिकको सेवा सुविधाका लागि आवश्यक भौतिक संरचना तथा मनोरञ्जनका सामाग्री खरिदमा आवश्यक सहयोग गर्दै आएको बताउनुभयो ।

बरिष्ठ पत्रकार हरि बास्तोलाले जोष्ठनागरिकलाई वृद्धाश्रममा होईन घरैमै व्यवस्थापन गर्नुपर्नेमा जोड दिँदै घरमा अपहेलीत जेष्ठनागरिकको पक्षमा पैरवी गर्दै अग्रजको ज्ञान, सीप उपयोग गर्नेतर्फ केन्द्रको ध्यान जानुपर्ने आवश्यकता औल्याउनुभयो । कार्यक्रममा केन्द्रका जेष्ठ सदस्य रामकुमारी गुरुङ,केशव राज गौतम र कुन्ती घर्तीलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । केन्द्रमा हाल एक जना संरक्षण सदस्य, ७१ जना आजिवन सदस्य र एक जना साधारण सदस्य आवद्ध रहनु भएको सहसचिव तुलसी प्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । केन्द्रका अध्यक्ष तोयनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य मिना पौडेल,स्थानीय समाज सेवीहरु त्रिलोचन गौतम, मिलन कुमार जिसी, रामजीप्रसाद पौडेल, हरिहर जेष्ठ नागरिक समाज भलामका अध्यक्ष विष्णुप्रसाद खत्री, शिव मन्दिर आमा समुहका अध्यक्ष सुष्मीता घर्ती, लगायतले जेष्ठनागरिकमा हक हित र अधिकार सुनिश्चितताका लागि घर परिवारदेखि सिंङ्गो समाज सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अध्यक्ष तोयनाथ पौडेल र सचिव प्रजापति पौडेलको सांगठानिक र कोषाध्यक्ष लेख बहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसत्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# संसदलाई कर्मकाण्डी नबनाऊ

प्रतिनिधिसभामा झण्डै दुई तिहाइ बहुमत सिटार्य जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले संसदलाई कानुन निर्माण र बहसको थलो बन्नाउन रुचि देखाएको छैन । अघिल्लो संसदमा सांसदहरूलाई बोल्न पर्याप्त समय दिनुपर्ने माग जोडदार रुपमा उठाउने गरेको थियो । अहिले सत्तारुढ हुँदा संसदमा छलफल कम चलाउने योजनामा सरकार छ । कानुन बनाउन वा संशोधन गर्न संसदलाई प्रभावकारी बनाउनुपर्ने हो।सबै काम कस घीय संसदको बैठकमा सोमबार पेस हुने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि एक दिन मात्र छलफल गर्ने तयारी छ । नीति तथा कार्यक्रम सोमबार पेस गरेर ३० वैशाखमा एक दिन मात्र छलफल गरेर पारित गर्ने तयारी सरकारले गरेको छ । संसदलाई छल्दै आएको सरकार कर्मकाण्ड जस्तो बनाउन तल्लीन छ ।

प्रतिनिधिसभा नियमावलीको नियम ३८ मा सभामुखले छलफलका लागि दिन र समय तोक्ने व्यवस्था छ । तर, समय अभावका कारण सरकारले ३० वैशाखमा एकै दिन छलफल, संशोधन, जवाफपछि नीति कार्यक्रम पारित गर्ने तयारी गरिरहेको छ । विगतमा नीति तथा कार्यक्रममा बृहत् छलफलपछि पारित गर्ने अभ्यास रहेको थियो । अघिल्लोपटकको नीति तथा कार्यक्रममाथि पाँच दिन छलफल गरिएको थियो । गत वर्षको १९ वैशाखमा पेस भएको नीति तथा कार्यक्रममाथि २२, २३, २४, २६ र २८ वैशाखमा छलफल गरिएको थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा १५ जेठमा बजेट प्रस्तुत हुनु १५ दिनअघि नै नीति कार्यक्रम र बजेटको सिद्धान्त र प्राथमिकता पारित गरिसक्नुपर्ने उल्लेख छ ।

ऐनअनुसार नीति तथा कार्यक्रममाथि एक दिन मात्र छलफल गर्ने समय रहेको संसद सचिवालयका प्रवक्ताको भनाइले सरकारको नियत स्पष्ट हुन्छ । प्रि-बजेट छलफल पनि योपटक दुई दिन मात्र हुने र तेस्रो दिन मन्त्रीले जवाफ दिने क्यालेन्डर तय भएको छ । विगतमा प्रि-बजेट र नीति तथा कार्यक्रममा पर्याप्त छलफल गरेर सांसदले सुझाव दिएपछि मात्रै पारित गर्ने अभ्यास रहेकोमा यसपटक सरकारले सो सुविधा दिएको छैन । १७ वैशाखका लागि बोलाएको संसद अधिवेशन बस्दै नबसी स्थगन गरेर सरकारले आठवटा अध्यादेश ल्याएको छ । सरकारले अध्यादेशमा जोड दिँदा नीति तथा कार्यक्रम र प्रि-बजेट छलफल ओझेलमा परेको छ । सरकार संसदलाई जनताको आवाज राख्ने ठाउँ बनाउन अनिच्छुक छ ।

विगतमा नीति तथा कार्यक्रममाथिको छलफल र प्रि-बजेट छलफल कर्मकाण्डी मात्र हुने गरेकोमा सरकारले यो पटक संसदमा भुलुक्क देखाउने र औपचारिकता पूरा गर्ने मात्र काम गर्दै छ । संसदमा कसरी प्रस्तुत हुने भनेर आइतबार विपक्षी दलहरूका सचेतक तथा प्रमुख सचेतकको अनौपचारिक बैठकसमेत बसेको थियो । औपचारिक बैठकमा सहभागी नहुने श्रम संस्कृति पार्टीसमेत अनौपचारिक बैठकमा सहभागी भएको थियो ।

अनामनगरको एक क्याफेमा भएको छलफलमा कांग्रेसबाट प्रमुख सचेतक बासना थापा, सचेतक निश्कल राई, एमालेका प्रमुख सचेतक ऐन महर, नेकपाका प्रमुख सचेतक युवराज दुलाल, राप्रपाका सचेतक खुश्बु ओली र श्रम संस्कृति पार्टीका सचेतक आरेन राई सहभागी थिए । छलफलमा सत्तापक्ष कुन रूपमा प्रस्तुत हुन्छ त्यसमा विपक्षीको धारणा एक बनाएर जाने विषयमा छलफल भएको चर्चा छ । छलफलमा विपक्षी दलका बोल्न चाहने सबै सांसदहरूले बोल्न पाउनुपर्ने विषय पनि उठान भएको थियो ।

'संसदमा प्रतिपक्षहरूको भूमिका कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल भएको छ । संसद नियमावलीमा संशोधन हाल्नुपर्नेछ । नीति कार्यक्रम र बजेटमा सबै सांसदहरूले बोल्न पाउनुपर्छ । अथवा थोरै गर्ने हो । यो राम्रो भएन सबै सांसदले बोल्ने विषयमा सभामुख लचक हुनुपर्छ । सरकारले ल्याएको अध्यादेशमा विपक्षी दलहरू असन्तुष्ट छन् । त्यस्तै, नीति तथा कार्यक्रम, बजेटमा विपक्षी दलहरूले सरकारले मनोमानी गरे कसरी प्रतिकार गर्ने भन्ने विषयमा समेत विपक्षी दलहरूले रणनीति बनाइरहेका छन् । 'सत्ता पक्षका सांसदले नबोलेपछि विपक्षी दलका सांसदहरू थोरै हुने भएकाले एकै दिन पारित गर्ने तयारी होला । तर सबै सांसदले बोल्न पाउनुपरछायदि सरकारले बलमिच्याइँ गर्छ भने हामी संसद बैठक बहिष्कार गर्न पनि तयार छौं ।' विपक्षीलाई विश्वासमा लिएर चलाउन नसके विगतको अवस्था सत्तारुढ दलले बुझ्न आवश्यक छ ।

## प्राचीन परम्परालाई निरन्तरता दिँदै सामूहिक पूजा

पोखरापत्र संवाददाता

पोखरा, २७ वैशाख

बेगनास सिंचाई प्रणाली अन्तर्गत बेगनास सिंचाई जल उपभोक्ता समिति दुई नम्बर शाखा अन्तर्गत आज यहाँको बाँधाको रहमा स्थानीय उपभोक्ताले सामुहिक पूजा गरेका छन् ।

शाखा अन्तर्गत बेगनास नहरबाट सिंचाई सेवा लिइरहेका उपभोक्ताले विगत एक सय वर्ष भन्दा अघिदेखि हरेक वर्ष बौद्ध पूर्णिमा या महत्वपूर्ण तिथिमिति पारेर यहाँस्थित भँगेर, काली नाग, सेती नाग र बनस्कन्धीको पूजाआजा गर्दै आएकोमा यस वर्ष पनि त्यसलाई निरन्तरता दिएको समितिका अध्यक्ष शिवबहादुर थापाले जानकारी दिनुभयो ।

नहरमा कुनै समस्या नआओस्, राम्रोसँग सिंचाई होस्, खेतीबाली राम्रो होस् भन्ने कामना सहित स्थानीय उपभोक्ताले प्रत्येक वर्ष सामुहिक पूजाआजा गर्दै आएका छन् । बेगनास सिंचाई प्रणाली अन्तर्गत विभिन्न पाँचवटा शाखा रहेको मूल समितिका अध्यक्ष राजु खत्रीले जानकारी दिनुभयो ।

यस वर्ष संघीय बजेट अन्तर्गतको करिब ५५ देखि ६० लाख रुपैयाँ लागतमा यहाँका पाँच वटै शाखामा आवश्यकता अनुसार मर्मतसम्भारका कामहरूअघि बढेको उहाँले बताउनुभयो ।

प्राचीन कालदेखि यहाँ गरिदै आएको सामुहिक पूजाको विशिष्ट महत्व रहेको समाजसेवी एवम् ज्येष्ठ सदस्य कृष्णप्रसाद अधिकारीले बताउनुहुन्छ । हाम्रा प्राचीन संस्कार तथा संस्कृतिको जगेर्नासँगै नयाँ पुस्तामा हस्तान्तरण हुनु आवश्यक रहेको दुई नम्बर शाखाका निवर्तमान अध्यक्ष विष्णुबहादुर बस्नेतले बताउनुभयो ।

## एक हजार रुख कटान गरिँदै

पोखरापत्र संवाददाता

तनहुँ, २७ वैशाख

तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत निर्माणाधीन दमौली-भरतपुर २२० केभी प्रसारण लाइन निर्माणका लागि चितवन खण्डमा पर्ने रुख कटानको अनुमति प्राप्त भएको छ ।

डिभिजन वन कार्यालय चितवनले २०८३ वैशाख २५ गतेदेखि लागू हुनेगरी प्रसारण लाइनको मार्गाधिकारमा पर्ने राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रका रुखहरू कटान, मुछान र घाटगद्दीका लागि आयोजनालाई वन प्रवेश इजाजतपत्र प्रदान गरेको हो । यस सम्बन्धमा आयोजना र डिभिजन वन कार्यालयबीच औपचारिक सम्झौता सम्पन्न भएसँगै निर्माण कार्यले थप गति लिने आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार भरतपुर महानगरपालिका-१ स्थित सतनचुली संरक्षित वन र सतनचुली सामुदायिक वन तथा वडा नं २९ अन्तर्गतका अकलादेवी र सिद्धदेवी सामुदायिक वन क्षेत्रका विभिन्न प्रजातिका एक हजार २६३ रुख कटान गरिनेछ । काटिएका रुखलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र सबडिभिजन वन कार्यालयले तोकेको सुरक्षित स्थानमा घाटगद्दी गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ मङ्सिर २० गतेको निर्णयअनुसार यो प्रसारण लाइन निर्माणका लागि चितवन र तनहुँ जिल्लाको कुल ९२.७३ हेक्टर वन क्षेत्र प्रयोग गर्न तथा त्यहाँ रहेका नौ हजार १२७ रुख हटाउन स्वीकृति दिइएको थियो । जसमध्ये चितवनमा २५.२७ हेक्टर र तनहुँमा ६७.४६ हेक्टर वन क्षेत्र पर्दछ । सोही निर्णयका आधारमा २०८२ पुस ३० गते आयोजना र वन तथा भूसंरक्षण विभागबीच सम्झौता भएको थियो । उक्त सम्झौतापछि डिभिजन वन कार्यालय, आयोजना र सामुदायिक वन समूहहरूको समन्वयमा रुख छपान कार्य अघि बढाइएको हो । चितवन खण्डमा कटान सुरु हुँदा तनहुँ जिल्लाअन्तर्गत पर्ने रुखको छपान कार्य भने हाल जारी रहेको आयोजनाले जनाएको छ । कुल ५० करोड ५० लाख अमेरिकी डलर लागत अनुमान गरिएको यस आयोजनामा एसियाली विकास बैंक (एडिबी), जाइका, युरोपियन लगानी बैंक, नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानी रहेको छ । आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको पहिलो १० वर्षसम्म वार्षिक औसत ५८ करोड ७७ लाख युनिट विद्युत् उत्पादन हुनेछ । उक्त आयोजनाबाट विद्युत् उत्पादनपछि प्राप्त हुने बहाव र मादी नदीको पानीलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजनाको विकास प्रक्रियासमेत अघि बढाइएको छ ।

## जङ्गली च्याउ खाँदा ११ जना बिरामी

रासस

झापा, २७ वैशाख

जङ्गली च्याउ खाएर एकै परिवारका ११ जना बिरामी परेका छन् । बाह्रदशी गाउँपालिका-२ बुट्टाबारीका तेजबहादुर खवासको परिवारले आज बिहानको खानामा जङ्गली च्याउको परिकार बनाएर खाँदा बिरामी परेका हुन् ।

जङ्गलीबाट ल्याइएको च्याउ पकाएर खाएपछि परिवार सबै सदस्यमा स्वास्थ्य समस्या देखिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले बताउनुभयो । उहाँका अनुसार ५० वर्षीया कमलामाया खवास, ३१ वर्षीय डिल्ली खवास, २० वर्षीया अनिता खवाससहित आठ जना बालबालिका बिरामी परेका हुन् ।

बिरामीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएकामा प्रारम्भिक उपचारपछि नौ जनालाई दमकस्थित बाल अस्पतालमा थप उपचारका लागि पठाइएको खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार बिरामीमध्ये दुई जनाको अवस्था मध्यम र अन्यको अवस्था सामान्य छ । यसैबीच, प्रहरीले जङ्गली च्याउ सेवन गर्दा विषाक्त हुने र स्वास्थ्य समस्याको जोखिम रहने भएकाले पहिचान नभएका च्याउ नखान सर्वसाधारणलाई आग्रह गरेको छ ।

## माझगाउँमा 'एक घर, एक धारा' कार्यक्रम

पोखरापत्र संवाददाता

ढोरपाटन, २७ वैशाख

बागलुङको जैमिनी नगरपालिका-३ देरालीखानी माझगाउँमा 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत धारा निर्माण गरिएको छ । गोर्खा वेलफेयर ट्रष्ट नेपालको सहयोग र जनश्रमदानबाट प्रत्येक घरमा खानेपानीको धारा निर्माण गरिएको हो ।

गोर्खा वेलफेयरको रु ३६ लाख र स्थानीयको रु नौ लाखको श्रमदान गरी कुल रु ४५ लाख लागतमा देउराली खानी गाउँका प्रत्येक घरमा धारा निर्माण गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिनुभयो । खानेपानीको स्रोत नजिकै भए पनि सहज पहुँच नहुँदा वर्षौँदेखि स्थानीयले समस्या भोग्दै आएका थिए । माझगाउँभन्दा माथिको छर्छरे मुलबाट पानी सङ्कलन गरी पाइप लाइनमार्फत घरघरमा पुर्‍याइएको उहाँको भनाइ छ । दुई हजार लिटरका दुई र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरी गाउँमा पानी झारिएको अध्यक्ष छन्त्यालले बताउनुभयो । हरेक स्थानीयको घरमा अहिले पार्यप्त पानी पुगेको उहाँको भनाइ छ ।

"गाउँमा खानेपानीको निकै समस्या थियो, यो समस्या समाधानका लागि लामो समयदेखि प्रयास गर्दै आएका थियो", अध्यक्ष छन्त्यालले भन्नुभयो, "घरमा पानीका धारा बनेपछि गाउँले सबै खुसी भएका छौं, यसले हाम्रो दैनिकी नै फेरिने अपेक्षा छ ।" विसं २०५३ मा कादुरी संस्थाले निर्माण सार्वजनिक धाराबाट अहिलेसम्म स्थानीयले खानेपानी उपभोग गर्दै आएका थिए । एउटा धाराबाट धेरै उपोक्ताले पानी भर्दा घण्टौंसम्म लाइन बस्नुपर्ने बाध्यता थियो ।

एक घर, एक धारा बनेपछि सहज भएको स्थानीय मनकुमारी छन्त्यालले बताउनुभयो । उहाँले भन्नुभयो, "एउटा धाराबाट धेरै परिवारका मान्छेले पानी उपभोग गर्दा कति समस्या भोगे हौंला ?, अब त त्यो समस्या कहिल्यै आइपर्ने छैन, बिहानै उठ्यो, पानीकै चिन्ता, साँझ पर्‍यो पानीकै चिन्ता, अहिले बल्ल हाइसन्चो भयो, अब त जतिबेला चाइयो, त्यतिबेला आँगनको धारा खोलेर पानी भर्न पाएका छौं ।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले खानेपानी समस्या भएका गाउँ बस्तीमा पालिकाले सहजीकरण गरेर समस्या समाधान गर्न थालेको बताउनुभयो । नगरपालिकाका कतिपय गाउँबाट खानेपानीको समस्याका कारण बसाइँसराइसमेत भएको भन्दै अब कुनै पनि नागरिक स्वच्छ खानेपानीबाट वञ्चित नहुने उहाँको भनाइ छ ।

सानातिना खानेपानी समस्या भएको स्थानमा पालिकाले नै समस्या समाधान गरको भन्दै ठूला योजना विभिन्न सङ्घसंस्था तथा प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर काम गरिरहेको उपप्रमुख शर्माले बताउनुभयो ।

## मार्ग खुलेको १५ वर्षपछि छिसवाङमा सडक स्तरोन्नति

पोखरापत्र संवाददाता

म्याग्दी, २७ वैशाख

मार्ग खुलेको १५ वर्षपछि म्याग्दीको मङ्गला गाउँपालिका-५ छिसवाङमा सडक स्तरोन्नति भएको छ ।

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरबाङ सडकको बाबियाचौर-दरबाङ खण्डको वैकल्पिक मानिएको पोक-सेराफाँट-पीपलबोट-छिसवाङ-खोप्टी-छ्यारछ्यारे-दरवाङअन्तर्गत छिसवाङ खण्डमा स्तरोन्नति भएको हो ।

सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु तीन करोड बजेट विनियोजन गरेको योजना निर्माणका लागि सडक डिभिजन कार्यालय बागलुङसँग ठेक्का सम्झौता गरेको आचार्य-पदमदीप जेभीले लक्ष्यअघि नै काम सम्पन्न गरेको छ ।

निर्माण कम्पनीका प्रतिनिधि महेन्द्र आचार्यले गत माघ महिनादेखि सुरु भएको सडक स्तरोन्नति योजनाको म्याद आगामी असारसम्म भए पनि तीन महिनाअघि नै सम्पन्न गरेको बताउनुभयो । रु दुई करोड पाँच लाख ५५ हजारमा ठेक्का सम्झौता भएको थियो । खहरेदेखि छिसवाङ हुँदै ओखोलासम्म एक किलोमिटर ५०० मिटर सडकलाई पक्की नालासहित नौ मिटर फराकिलो बनाएर ग्राभेल गरिएको छ । विसं २०६७ मा मार्ग खुलेको सडक स्तरोन्नति भएपछि आवतजावतमा सहज भएको छिसवाङका दुर्गाबहादुर खत्रीले बताउनुभयो । मार्ग खुलेदेखि हालसम्म सामान्य मर्मतको भरमा तीनदेखि चार मिटर फराकिलो सडकमा एकतर्फी मात्र गाडी चल्ने गरेका थिए । सडक फराकिलो पार्न स्थानीयवासीले स्वःफूर्त रुपमा जग्गामा संरचना बनाउन दिएर सहयोग गरेका छन् । यो सडकबाट मङ्गलाको वडा नं ५ का साथै मालिकाको १ र २ का बासिन्दा लाभान्वित हुनुका साथै बेनी-दरबाङ सडकको बाबियाचौर-दरबाङ खण्डमा पहिरो लगायतका कारणले अवरुद्ध हुँदा वैकल्पिक रुपमा प्रयोग गर्न सकिने भएकाले रणनीतिक महत्व रहेको छ ।

यसअघिका दुई आर्थिक वर्षमा मङ्गला गाउँपालिकाले सेराफाँट क्षेत्रमा, गण्डकी प्रदेश सरकारले पीपलबोट खण्डमा र सङ्घीय सरकारले हिलवाङ-खहरेखोला क्षेत्रमा स्तरोन्नति गरेका छन् । जिल्लाको रणनीतिक महत्वको सडकको विकल्प भएकाले यो सडकलाई महत्व र प्राथमिकता दिइएको छ ।

हिलवाङ, ओखोला र अर्मनखोलामा मोटरेबल पुल निर्माण गरेमा यो सडकमा बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न सकिने छिसवाङका बासिन्दा किशोर मल्लले बताउनुभयो । यसअघि सङ्घीय सरकारले खहरेखोलामा 'कल्भर्ट' बनाएको छ ।

## महेन्द्र मावि, घार्मीको ३६ औं बार्षिकोत्सव

पोखरापत्र संवाददाता

पोखरा, २७ वैशाख

पोखरा १९ घार्मीमा रहेको महेन्द्र माध्यमिक विद्यालयले विभिन्न कार्यक्रम गरी ३६ औं बार्षिकोत्सव मनाएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन स्थानीय अभिभावकको भुमिका महत्वपूर्ण हुने बताए। उनले सामुदायिक विद्यालयमा नै आफ्ना बालबच्चा भर्ना गरेर सहयोग गर्न आग्रह गरे । वडाध्यक्ष पाण्डेले विद्यालयको चौतर्फी विकासका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको बताउँदै, गुणस्तरीय शिक्षा र विद्यार्थी आकर्षणका योजना पेश गर्न सुझाव दिए। पुर्व वडाध्यक्ष शोभा मोहन पौडेलले शिक्षामा गुणस्तर बढाउन शैक्षिक क्रियाकलाप मात्र नभई जीवनोपयोगी अतिरिक्त क्रियाकलाप पनि आवश्यक पर्ने बताए । बार्षिकोत्सवका अवसरमा बर्ष उत्कृष्ट शिक्षकबाट भेषबहादुर भुजेल र उत्कृष्ट अभिभावकको रुपमा गंगा सुनार र सिङ्गराज तामाङ सम्मानित भए । उनीहरुलाई वडाध्यक्ष पाण्डे, पुर्व वडाध्यक्ष शोभा मोहन पौडेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लामिछानेले मायाको चिनो, सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरे । सोही अवसरमा गत शैक्षिक सत्रमा उत्कृष्ट हुन सफल विद्यार्थीलाई शैक्षिक, खेलकुद र अतिरिक्त क्रियाकलापको पुरस्कार प्रदान गरिनुका साथै छात्रवृति वितरण गरिएको छ। विद्यालयद्वारा स्थापित विभिन्न अक्षयकोषमारामचन्द्रसुनार,तोकमाया पौडेल,बासुदेव पौडेल,सरस्वती भण्डारी,भीमबहादुर सुनार, पण्डित ऋषिराम पौडेल र तुलसी पौडेलले आर्थिक सहयोग हस्तान्तरण गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा निमित्त प्रअ बासुदेव पौडेल, विद्यालय व्यवस्थापन समितिका सदस्य मनबहादुर सुनार,पण्डित ऋषिराम पौडेल, सरस्वती भण्डारी, शिक्षक रत्नाकुमारी विश्वकर्मा, विद्यार्थी सुदीप पौडेललगायतले विद्यालयका गतिविधीका बारेमा चर्चा गरेका थिए ।अध्यक्ष लामिछानेले बार्षिकोत्सवमा हुने खर्चलाई कटौती गरि व्यवस्थापकीय पक्षमा खर्च गरिने बताए ।

निमित्त प्रअ नन्दराज दाहालले बार्षिक प्रतिवेदन पेश गरेको कार्यक्रममा लेखा सहायक रमेश आचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। मौलिक लोक भजनसहित आयोजना गरिएको कार्यक्रमको संचालन शिक्षक शरदराज सापकोटाले गरेका थिए ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# घान्द्रुकलाई एक फन्को

**राम थापा**
गण्डकी, २७ बैशाख/रासस



गुजुमुज्ज गाउँ । आँखैअघि हिमालचुली । बिहानीको झुल्के घामसँगै चराचुरुङ्गीको चिरबिर । वनपाखा-देउराली, उकाली-ओरालीमा गुज्रिन्छ घान्द्रुकको चक्रीय पदमार्ग । पर्यटकीय गाउँ घान्द्रुकलाई एक फन्को मार्दा पदयात्रीहरु बिछट्टै अनुभव गर्छन् । करिब दुई घण्टाको हिँडाइमा प्रकृतिमय घान्द्रुकको आनन्द बटुल्छन् ।

देशविदेशका पर्यटकको मनप्रिय गन्तव्य घान्द्रुकमा नयाँ आकर्षण थप्न र आगन्तुकको बसाइ लम्बाउन चक्रीय पदमार्ग बनाइएको हो । कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित घान्द्रुक गाउँको बसपार्कदेखि पञ्चे, कोटगाउँ, बलाचे उद्यान, देउराली, नभ्री थेव मेश्रम बराह मन्दिर, कोचमा प्लाँ, ब्रेज मेश्रम बराह मन्दिर, नेगो, चिया बगान, डाँडागाउँ हुँदै पुनः बसपार्क आएर पदमार्ग टुङ्गिन्छ । चक्रीय पदमार्गको ६० प्रतिशत काम सकिएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । समितिको पहलमा तीन वर्षअघि चक्रीय पदमार्ग निर्माण थालिएको थियो । "यस वर्ष नेपाल पर्यटन बोर्डको रु २० लाख बजेटबाट थप काम भइरहेको छ", अध्यक्ष गुरुङले भन्नुभयो, "चक्रीय पदमार्ग निर्माणमा तीनवटै तहका सरकारको सहयोग छ, स्थानीय दाताहरु पनि जोडिनुभएको छ ।" घान्द्रुकको नयाँ गन्तव्यका रुपमा चक्रीय पदमार्गलाई स्थापित गर्ने र पर्यटकको बसाइ लम्बाउने उद्देश्यले पूर्वाधारका काम भइरहेको उहाँको भनाइ छ । घान्द्रुक गाउँको सिरानमाथि वनको बाटो हुँदै पदमार्ग अगाडि बढ्छ । पदमार्गका ठाउँठाउँमा उद्यान, विश्रामस्थल, चौतारी आदि निर्माण भइरहेको समितिले जनाएको छ ।

घान्द्रुकका पर्यटन व्यवसायी अमृत लामा गुरुङले घान्द्रुक आउने पर्यटकलाई छोटो दुरीको पदयात्रा (हाइकिङ)मा निस्कन चक्रीय पदमार्ग उत्तम रहेको बताउनुभयो । "घान्द्रुक बास बसेका पर्यटकहरु भोलिपल्ट बिहान सूर्योदयको अवलोकनसँगै चक्रीय पदमार्ग घुम्न सक्छन्, घान्द्रुक गाउँबाटभन्दा अझ सुन्दर दृश्यालोकन पदयात्राका क्रममा गर्न सकिन्छ, प्रकृतिमा रमाउँदै पदयात्रा गर्न सकिन्छ", उहाँले भन्नुभयो । गुरुङ समुदायको आस्थाको धरोहरका रुपमा रहेको मेस्रम बराहको मन्दिर पनि यही मार्गमा पर्ने भएकाले धर्मप्रेमीहरु पनि पदयात्रामा आकर्षित भइरहेको उहाँको भनाइ छ । पदमार्ग निर्माणमा हालसम्म झण्डै रु ५३ लाख खर्च भइसकेको समितिले जनाएको छ । स्थानीय निर्माण सामग्री प्रयोग गरेर मौलिक शैलीमा पदमार्ग बनाइएको छ । पदमार्ग क्षेत्रमा बलाचे र बुद्ध गरी दुई उद्यान निर्माण पनि अगाडि बढाइएको छ । घान्द्रुकको पर्यटनमा चक्रीय पदमार्गले नयाँ आकर्षण थपेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत इलाका संरक्षण कार्यालयका प्रमुख भीमप्रसाद उपाध्यायले बताउनुभयो ।

घान्द्रुकमा पदमार्गसहित पर्यटकीय पूर्वाधार निर्माण, सामुदायिक सशक्तीकरणलगायत क्षेत्रमा 'एक्याप'ले सघाउँदै आएको छ । कार्यालय प्रमुख उपाध्यायले घान्द्रुक हुँदै अन्नपूर्ण क्षेत्रको घुमफिर गर्न आउनेमध्ये धेरै सङ्ख्यामा भारतीय पर्यटक रहेको बताउनुभयो । अहिलेको याममा एकैदिनमा आठ सय ५६ जनासम्म विदेशी पर्यटक घान्द्रुकमा भित्रिएको उहाँको भनाइ छ । "पछिल्लो समय भारतीय पर्यटकको सङ्ख्या बढ्दो छ, आन्तरिक पर्यटन पनि उत्तिकै फस्टाएको छ", उहाँले भन्नुभयो, "सडकको पहँच विस्तारले पनि घान्द्रुकमा आन्तरिक पर्यटकको आउजाउ पछिल्लो समय बढेको हो ।" चल्तीका पदमार्ग, आकर्षक गन्तव्यस्थल र व्यवस्थित पर्यटकीय पूर्वाधारका कारण यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ । तीसको दशकदेखि सुरु भएको घान्द्रुकको पर्यटनमा पछिल्लो समय गाउँको मौलिकता जोगाउने चुनौती थपिएको छ । पर्यटकीय चहलपहल बढेपनि घान्द्रुकको असली पहिचान गुम्ने हो की भन्ने पिरलो स्थानीय र पर्यटनकर्मीमाझ छ । प्रकृति र संस्कृतिको सङ्गम मानिने घान्द्रुक पहिलेको जस्तो छैन । जीवनशैली फेरिँदो छ । नयाँ बनिरहेका संरचनाले गाउँको मौलिक स्वरुप खल्बलिएको छ । सडकले पदमार्ग भत्केका छन् । गुरुङ समुदायको कला, संस्कृति र रहनसहन पनि आधुनिकताको चेपुवामा परेको छ । पर्यटकको आउजाउ बढेसँगै करोडौं लगानीमा होटलदेखि रिसोर्टसम्म खुलेका छन् । आधुनिकताले गाउँको पुरानो चिनारीलाई विस्थापित गर्दैछ । बढ्दो व्यवसायीकरणले घान्द्रुकको मौलिकपन गुम्दै गएको छ । पर्यटन व्यवस्थापन समितिका अनुसार घान्द्रुकमा रिसोर्टसहित ८० वटा होटल छन् । ३५ वटा घरबास छन् । पर्यटक स्तरीयदेखि सामान्यसम्म गरी होटलमा आठ सय कोठा छन् । पर्यटन व्यवसायमा अर्बौंको लगानी छ ।

सयौंले रोजगारी पाएका छन् । पर्यटकीय याममा एकैदिनमा दुई/तीनहजारसम्म पर्यटक त्यहाँ पुग्छन् । अन्नपूर्ण संरक्षण क्षेत्रको अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल-घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रुपमासमेत लिइन्छ । पोखरा-बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किञ्चे हुँदै पाँच/छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ । मोटरमा पोखराबाट घान्द्रुक पुग्न दुई घण्टा लाग्छ ।

# गण्डकी प्रदेशस्तरीय भलिबलमा पुरुषतर्फ तनहुँ र पर्वत तथा महिलातर्फ कास्की र म्याग्दी फाइनलमा

**पोखरापत्र संवाददाता**
दमौली, २७ बैशाख

जिल्ला खेलकुद विकास समिति तनहुँको आयोजनामा दमौलीमा जारी गण्डकी प्रदेशस्तरीय महिला पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फ तनहुँ र पर्वत फाइनल प्रवेश गरेका छन् ।

यस्तै महिलातर्फ कास्की र म्याग्दी फाइनल प्रवेश गरेका छन् । व्यास नगरपालिका-३ खुल्लामैदानमा आज बिहान भएको पहिलो सेमिफाइनलमा गोरखालाई हराउँदै पर्वत फाइनल प्रवेश गरेका हो । पर्वतले गोरखालाई ३-० को सोझो सेटमा पराजित गरेको हो । यस्तै दोस्रो सेमिफाइनलमा नवलपुरलाई पराजित गर्दै तनहुँ जिल्लाले फाइनलको यात्रा तय गरेको छ । तनहुँले नवलपुरलाई ३-१ सेटले पराजित गरेको छ ।

महिलातर्फको सेमिफाइनल खेलमा तनहुँलाई हराउँदै कास्की जिल्ला फाइनल प्रवेश गरेको छ । यस्तै दोस्रो सेमिफाइनल खेलमा पर्वतलाई हराउँदै म्याग्दी जिल्ला फाइनल प्रवेश गरेको छ । तेस्रो स्थानका लागि पुरुषतर्फ गोरखा र नवलपुरबीच तथा महिलातर्फ तेस्रो स्थानका लागि पर्वत र तनहुँबीच खेल हुनेछ ।

फाइनल खेल आज दिउँसो ३ बजे हुने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेशको भलिबल टिम छनोटका लागि यहाँ प्रदेशस्तरीय महिला पुरुष भलिबल प्रतियोगिता आयोजना गरिएको हो । छनोट खेल भएकाले प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु ३० हजार, रु २० हजार र रु १५ हजार नगद प्रदान गरिनेछ । प्रतियोगितामा पुरुषतर्फ मनाङ बाहेक १० जिल्ला र महिलातर्फ ११ वटै जिल्लाको सहभागिता रहेको छ ।

# गुर्जामा पहिलोपटक चलचित्र छायाङ्कन

**पोखरापत्र संवाददाता**
बेनी, २७ बैशाख



धवलागिरि गाउँपालिका-१ गुर्जामा पहिलोपटक चलचित्रको छायाङ्कन गरिएको छ । छन्त्याल र दलित समुदायको बसोबास रहेको परम्परागत ढुङ्गे घरहरू गुजमुज्ज मिलेर बसेको गुर्जा गाउँमा चलचित्र 'सारथी'को छायाङ्कन सुरु गरिएको हो ।

सदरमुकाम बेनीदेखि सबैभन्दा टाढाको दूरीमा जिल्लाको अन्तिम बस्तीका रूपमा रहेको गुर्जामा यसअघि विभिन्न म्युजिक भिडियोको छायाङ्कन गरिएको भए पनि चलचित्रको छायाङ्कन थालिएको भने पहिलो पटक हो । गुर्जा र चुरेन हिमाल अवस्थित गुर्जामा रहेको प्राकृतिक, सांस्कृतिक र परम्परागत जनजीवनको पाटोलाई समेत समेटेर चलचित्रका दृश्य खिच्न थालिएको छ । सामाजिक कथावस्तुमा आधारित सारथी चलचित्रको निर्माण टोली दुई सातादेखि गुर्जामै बसेर चलचित्र निर्माणका लागि कलाकारहरूको अभिनय छायाङ्कन गरिरहेको प्रमुख निर्माता तारा थापाले बताउनुभयो । फिल्म निर्माणका लागि करिब ६० जनाको समूह गुर्जा पुगेको छ । गुर्जाको मुख्य बस्ती, देउराली डाँडालगायत क्षेत्रमा दृश्य छायाङ्कनको काम भइरहेको छ । उत्तम प्रधान, निरुता सिंह, मुकुन्द श्रेष्ठ, राजेन्द्र केसीलगायत नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकारको अभिनय रहने यस चलचित्रमा गुर्जाकै कलाकार गिरी विश्वकर्मासहित गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मालगायतका नयाँ कलाकारको पनि अभिनय रहने प्रमुख निर्माता थापाले बताउनुभयो । यस चलचित्रको अधिकांश दृश्य गुर्जा वरपर नै छायाङ्कन गरिने निर्देशक कुमार गजुरेलले जानकारी दिनुभयो ।

गुर्जाकै सामाजिक विषयलाई कथावस्तु बनाएर तयार गर्न लागिएको यस चलचित्रको माध्ययमबाट गुर्जामा लुकेर रहेको पर्यटन सम्भावनालाई समेत विश्वमाझ परिचित गराउन सहयोग पुग्ने उहाँले बताउनुभयो । "केही वर्षअघि हामी गुर्जा हिमालको आधार शिविर पुगेका थियौं, त्यसबखत नै हामीले गुर्जामा फिल्म बनाउने निधो गरेका थियौं, यहाँको भूबनोट र प्राकृतिक सौन्दर्यताले गुर्जालाई फिल्म सिटीका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ", निर्देशक गजुरेलले भन्नुभयो । गुर्जामा संसारलाई चिनाउनुपर्ने धेरै ठाउँ र कला संस्कृति भएकाले राष्ट्रियस्तरबाट यसको पहल हुनुपर्ने उहाँको भनाइ छ । जिल्लाकै सबैभन्दा दुर्गम बस्तीको उममा पाएको गुर्जामा हालैमात्र सडक सञ्जालको पहुँच जोडिएको छ । भूगोलले दूरी टाढा भए पनि प्राकृतिक सौन्दर्य र सम्भावनाले भरिपूर्ण गुर्जामा फिल्म छायाङ्कनले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसारमा सघाउने धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । "पहिले केही गीतहरूको भिडियो छायाङ्कन भएका थिए, यसपटक ठूलो पर्दाको चलचित्र नै यहाँ बनिरहेको छ, यसले गुर्जालाई थप परिचित गराउन भूमिका खेल्ने अपेक्षा गरेका छौं", उहाँले भन्नुभयो । किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्मस्‌को सहकार्यमा चलचित्र बन्नेछ । तीस वर्ष लामो फिल्म सम्पादनको अनुभव सम्हाल्नुभएका तारा थापाले निर्माण गर्न लाग्नुभएको यस चलचित्रको निर्मातामा सौर्यल थापा, रदिप श्रेष्ठ, धीरज तामाङ र प्रदीप रायमाझी निर्माताका रूपमा रहनुभएको छ भने कुमार गजुरेलको डेव्यु निर्देशन रहेको छ ।

# मह काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरण

**नवीन लामिछाने**
मनाङ, २७ बैशाख/रासस



विश्वको साहसिक एवं जोखिमयुक्तमध्ये भिर मौरीको मह सिकार गर्ने कार्य पनि पर्दछ । जोखिमयुक्त मानिएको मह सिकार गण्डकी प्रदेशको लमजुङ, गोरखा, म्याग्दीलगायतका जिल्लामा गरिन्छ । यसमध्ये लमजुङमा बढी भिर मौरीको सिकार गरेको पाइन्छ ।

लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ मिप्रागाउँ नजिकैको छिप्ली भिरमा झुन्डिएका भिर मौरीका चाकाको सिकार गर्न ज्यानै जोखिममा राखेर डोरीमा झुन्डिएर मह सिकार गर्दछन् । यस कार्यले यहाँका स्थानीयका साथै पर्यटकलाई पनि आकर्षित गरेको छ । गाउँको पुर्ख्यौली पेसाकै रूपमा अगाडि बढाउन सकिनेगरी भिर मौरीको मह काढ्ने कार्यमा संलग्न हुँदै आएको स्थानीय बताउँछन् ।

स्थानीयले भिर मौरीको मह काढ्ने परम्परालाई निरन्तरता दिँदै आएका सिकारी टेकबहादुर गुरुङ बताउनुहुन्छ । विगतमा ज्येष्ठ नागरिकको मात्रै सहभागिता रहने मह काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ ।

"भिर मौरीको मह औषधिका रूपमा प्रयोग हुन्छ । औषधिका रूपमा उपयोग गर्न जोखिम मोलेर भिरबाट मह काढ्ने गरेका छौं", गुरुङ भन्नुहुन्छ, "भिर मौरीको महको माग पनि बढी छ ।" वर्षमा दुईपटक मह काढ्ने गरिएको उहाँ बताउनुहुन्छ । गुरुङ भन्नुहुन्छ, "पहिलो चरणमा मह वैशाखको अन्तिम सातादेखि जेठको दोस्रो साताभित्र निकाल्नुपर्ने हुन्छ भने दोस्रो चरणमा असोजको अन्तिम सातादेखि कात्तिकको दोस्रो सातामा निकालिसक्नुपर्छ । शुक्रबारमात्रै मह काढ्ने चलन छ ।" मह धेरै भएको समयमा भने दुई दिन लगाएर मह निकाल्ने गरिएको उहाँ बताउनुहुन्छ ।

मौरीको सिकार गर्न तिथिमिति जुराएर जङ्गलबाट निगालो ल्याउने र चोया बनाई लठ्ठा बनाउने गरिन्छ । आगोमा तताउँदै लठ्ठाबाट गाउँले मिलेर भऱ्याङ बनाउने गर्दछन् । एकपटक बनाइएको भऱ्याङ तीनचार वर्षसम्म उपयोग गर्न सकिन्छ । यसरी बनाइएको भऱ्याङ मह निकाल्न (काढ्न) गाउँले एकसाथ भिरमा मह सिकारका लागि जाने गर्दछन् । विश्वकै साहसिक पेसाका रूपमा परिचय बनाएकाले मह सिकार हेर्न विदेशी पर्यटकको आकर्षण बढ्दै जानुका साथै यस गाउँको आयआर्जनको माध्यम बनेको सिकारी मीनबहादुर गुरुङ बताउनुहुन्छ । "पहिलापहिला त मुखमात्रै छोपेर मह निकालिन्थ्यो, अहिले त शरीर पूर्ण रूपमा छोपेर मह निकाल्ने गरेका छौं", उहाँ भन्नुहुन्छ, "यसले जोखिमबाट जोगाएको छ ।" मौरीले कम चिल्दा थेरापीको रूपमा काम गर्छ भने बढी चिलेमा मानिसको ज्यानै जानसक्ने जोखिम हुने गुरुङ बताउनुहुन्छ । पहिलेदेखि नै औषधिका रूपमा प्रयोग गरिँदै आएको भिर मौरीको मह स्थानीयकै घरमा सीमित हुने गर्दथ्यो । मानवीय विकाससँगै पहिरनमा परिवर्तन हुँदै जाँदा शरीरमा पूरा कपडाले ढाकिने चलन बढ्नुका साथै सुरक्षित तवरबाट मह सिकारमा पनि सहज हुँदै गएको स्थानीयको भनाइ छ । पहिले स्थानीयको सहभागितामा मात्रै निकालिने मह अहिले विदेशीको आकर्षण बढ्दै गएको गुरुङ बताउनुहुन्छ ।

हाल भिर मौरीको मह सिकार गरेको हेर्न विदेशी आउने गरेको स्थानीय बताउँछन् । पर्यटकलाई आकषित गर्दै प्राकृतिक र साहसिक कार्यलाई जीवन्त राख्न निरन्तरता दिनुपर्ने टर्कीका नागरिक केमल बताउनुहुन्छ । "यस्तो चिल्ने मौरीको मह सिकार जोखिमयुक्त छ । तर, यहाँका स्थानीयको साहसिकताले लोभ्यायो", उहाँ भन्नुहुन्छ, "प्राकृतिक जोखिम मोलेजस्तै यसलाई आयआर्जनसँग जोड्न सक्नुपर्छ ।"

आश्चर्यचकित पार्नेगरी स्थानीयले मह निकालेको देख्दा डर लागेको केमल बताउनुहुन्छ । "म त निकालेको महमा केही मौरी बसेको देख्दा पनि डराएको थिएँ । नेपाली साहसी छन्, नेपालीका बारेमा जुन बयान सुनिएको थियो त्यो आफ्नै आँखाले देख्न पाइयो", उहाँ भन्नुहुन्छ । भिर मौरीको मह काढ्ने परम्परामात्रै नभएर मह औषधिजन्य भएकाले अझ माग बढी हुने गरेको छ । त्यसैले यसलाई निरन्तरता दिन आवश्यक छ । प्राकृतिक उपजका रूपमा विकास गर्दै आयआर्जनको माध्यम बनाउन संरक्षण र प्रवर्द्धन गर्नुपर्ने अवस्था देखिन्छ । यस परम्परालाई जीवन्त राख्दै विदेशीको आकर्षणको केन्द्र बनाउने प्रयासमा सबैको ध्यान जानुपर्ने हुन्छ ।

# लोघेकर दामोदरकुण्डद्वारा सौर्य ऊर्जा प्रणाली जडित हरित ऊर्जा प्रयोग

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २७ बैशाख

यहाँको लोघेकर दामोदरकुण्ड गाउँपालिकाले सौर्य ऊर्जा प्रणाली जडित हरित ऊर्जा प्रयोगमा ल्याएको छ ।

जलवायु क्षति न्यूनीकरण तथा वातावरणीय स्वच्छता कायम गर्दै सौर्य ऊर्जा प्रणालीमार्फत गाउँपालिकाको आर्थिक भार कम गराउने उद्देश्यले हरित सौर्य ऊर्जा प्रयोगमा ल्याएको हो । गाउँपालिकाले हरित ऊर्जा प्रयोगमा ल्याएसँगै हरित ऊर्जा घोषणा गर्ने तयारी गरेको छ । प्राकृतिक सौन्दर्य र जैविक विविधता संरक्षण तथा वातावरणीय प्रदूषणले मानव स्वास्थ्य असर पुग्ने र जलवायु परिवर्तनको असरले पारिस्थिति प्रणाली (इको सिस्टम) मा प्रभाव पार्ने भएकाले हरित ऊर्जा प्रविधि उपयोगी हुने गाउँपालिकाले जनाएको छ । गाउँपालिकाद्वारा कार्यान्वयनमा ल्याइएको सौर्य ऊर्जा प्रविधिको हरित ऊर्जा विकासले पालिकाभित्रका नागरिकलाई सकारात्मक प्रभाव पार्ने गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गर्नुभयो । बढ्दो कार्बन उत्सर्जनलाई घटाउन यसप्रकारका प्रविधि उपयोगी हुने उहाँको बुझाइ छ । हरित ऊर्जा विकासका लागि गाउँपालिकाले पालिकालाई आवश्यक पर्ने सौर्य ऊर्जा क्षमता व्यवस्थापन गर्न बेट्री, सोलार प्यानललगायत आवश्यक उपकरणको व्यवस्थापन गरिसकेको छ । यो प्रविधिबाट हरित ऊर्जा प्रयोगमा आएसँगै पालिकाभित्रका सबै प्रशासनिक शाखामा विद्युतीय कार्य गर्न हरित ऊर्जा प्रयोग गरिने अध्यक्ष विष्टले बताउनुभयो । हरित ऊर्जा प्रविधिको प्रयोगले गाउँपालिकाको कार्यसम्पादनलाई सहज र विश्वसनिय बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । गाउँपालिकाले यो प्रविधिलाई पाँचवटै वडा कार्यालय र स्वास्थ्य संस्थामा पुऱ्याउने लक्ष्य लिएको छ । वातावरणीय जोखिम कम गर्दै दिगो विकासमा जोड दिने सरकारको दीर्घकालीन लक्ष्यअनुसार हरित सौर्य ऊर्जा प्रविधि जडान गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।